आकाशवाणी

प्रमुख समाचार:

- भारतले कुनै पनि परिस्थितिमा कुनै पनि आतंकवादी गतिविधिलाई सहन नसक्ने सन्देश विश्वलाई दिएको रक्षामन्त्री राजनाथ सिंहको भनाइ
- रेलमन्त्री अश्विनी वैष्णवद्वारा विस्तारित श्रीनगर-जम्मू वन्दे भारत एक्सप्रेसको शुभारम्भ
- हिमालय क्षेत्रमा जलवायु-अनुकूल सडक पूर्वाधार निर्माण गर्न सरकार प्रतिबद्ध रहेको सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीको धारणा
- देशमा पर्याप्त मात्रामा मल उपलब्ध रहेको र खरीफ सिजनको लागि आवश्यक आपूर्ति भन्दा बढी भएको सरकारको पुष्टि
- अनि आईपीएल क्रिकेटमा, गुजरात टाइटन्सले आज साँझ रोयल च्यालेन्जर्स बैंगलोरको सामना गर्ने

## Rajnath - NSC

रक्षामन्त्री राजनाथ सिंहले अपरेशन सिन्दूरले संसारलाई परिवर्तन गरेको बताउनुभएको छ। भारतले कुनै पनि परिस्थितिमा कुनै पनि आतंकवादी गतिविधिलाई सहन नसक्ने सन्देश विश्वलाई दिएको छ। नयाँ दिल्लीमा आयोजित राष्ट्रिय सुरक्षा शिखर सम्मेलनको दोस्रो चरणमा बोल्दै श्री सिंहले भन्नुभयो,

## Rajnath Singh –Italy's ministers Meet

रक्षामन्त्री राजनाथ सिंहले आज नयाँ दिल्लीमा इटालीका रक्षामन्त्री गुइडो क्रोसेटोसँग पश्चिम एसियाको वर्तमान अवस्था र क्षेत्रीय तथा विश्वव्यापी मुद्दाहरूमा छलफल गर्नुभयो। सामाजिक सञ्जालको एक पोस्टमा, रक्षामन्त्रीले "आत्मनिर्भर भारत" कार्यक्रम र इटालीको रक्षा सहयोग पहल अन्तर्गत रक्षा औद्योगिक सहयोगलाई थप विकास गर्ने तरिकाहरूबारे छलफल गरेको बताउनुभयो।

## Aswini Baisnav- Jammu

रेलमन्त्री अश्विनी वैष्णवले आज जम्मू तवी रेलवे स्टेशनबाट विस्तारित श्रीनगर-जम्मू वन्दे भारत एक्सप्रेस सेवाको सुरुवात गर्नुभयो। यस अवसरमा, श्री वैष्णवले विगत बाह्र वर्षमा रेलवेमा उल्लेखनीय परिवर्तनहरू देखिएको बताउनुभयो। उहाँले जम्मू र कश्मीरमा धारा ३७० खारेज गरेदेखि यस क्षेत्रमा निरन्तर विकास भएको बताउनुभयो।

## Gadkari – Climate-Resilient Roads

सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीले हिमालय क्षेत्रमा जलवायु-अनुकुल सडक पूर्वाधारको आवश्यकतामा जोड दिनुभएको छ। आज नयाँ दिल्लीमा एक कार्यशालालाई सम्बोधन गर्दै श्री गडकरीले  दीर्घकालीन सुरक्षा र दिगोपन सुनिश्चित गर्न पहाडी क्षेत्रहरूमा सडक निर्माण सुरु गर्नु अघि ढलान स्थिरीकरणलाई प्राथमिकता दिने निर्णय गरिएको बताउनुभयो। श्री गडकरीले पहाडी क्षेत्रहरूमा सुरक्षित, निर्बाध र दिगो राजमार्गहरू निर्माण गर्ने सरकारको प्रतिबद्धता दोहोऱ्याउनुभयो।

## Inter-Ministry Press Conference

सरकारले देशमा पर्याप्त मात्रामा मल उपलब्ध रहेको र खरीफ सिजनको लागि आवश्यक आपूर्ति भन्दा बढी भएको बताएको छ। आज नयाँ दिल्लीमा, उर्वरक विभागकी अतिरिक्त सचिव अपर्णा शर्माले घरेलु मल उत्पादन ६२ लाख मेट्रिक टनभन्दा बढी पुगेको बताउनुभयो, जबकि आयात लगभग १५ लाख मेट्रिक टन छ। यससँगै, हालको अवधिमा देशमा मलको कुल उपलब्धता लगभग ७८ लाख मेट्रिक टन पुगेको छ।

## ECI  - QR Codes

निर्वाचन आयोगले मतगणना केन्द्रहरूमा अनधिकृत प्रवेशको सम्भावनालाई हटाउन आफ्नो ECINET प्लेटफर्म मार्फत QR कोड-आधारित फोटो परिचयपत्र प्रणाली सुरु गरेको छ। आयोगले यो प्रणाली मे ४ देखि आसाम, केरला, तमिलनाडु, पश्चिम बंगाल र पुडुचेरीमा हुने विधानसभा चुनावका मतगणना साथै यी राज्यहरूमा सात विधानसभा सिटहरूमा हुने उपचुनावहरूको मतगणनाको क्रममा लागू गरिने बताएको छ।
समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ....

## Prez – Buddha Purnima

राष्ट्रपति द्रौपदी मुर्मुले बुद्ध पूर्णिमाको पूर्वसन्ध्यामा जनतालाई हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ। आफ्नो सन्देशमा राष्ट्रपतिले यो पवित्र दिनले भगवान बुद्धको पृथ्वीमा आगमन, ज्ञान प्राप्ति र महापरिनिर्वाणको ऐतिहासिक घटनाहरूलाई चिन्हित गर्दछ भनी उल्लेख गर्नुभएको छ। राष्ट्रपतिले भगवान बुद्धका शिक्षाहरूले सबैलाई शान्ति, सहिष्णुता र पारस्परिक सद्भावको मार्गमा हिंड्न प्रेरित गर्ने बताउनुभयो। उहाँले मानिसहरूलाई भगवान बुद्धका आदर्शहरू आत्मसात गर्न र शान्तिपूर्ण, समावेशी र न्यायपूर्ण समाज निर्माणमा योगदान पुऱ्याउने प्रतिज्ञा गर्न आग्रह गर्नुभयो।

## Amit Shah - Ladakh

गृहमन्त्री अमित शाह आजदेखि लद्दाखको दुई दिने भ्रमणमा हुनुहुन्छ। यस अवधिमा उहाँले बुद्ध पूर्णिमाको अवसरमा भोलिदेखि सुरु हुने भगवान बुद्धका पवित्र अवशेषहरूको पहिलो अन्तर्राष्ट्रिय प्रदर्शनीमा भाग लिनु हुनेछ। सामाजिक सञ्जालमा पोस्ट गर्दै श्री शाहले यस प्रदर्शनीमा विश्वका विभिन्न भागका भक्तहरूले भगवान बुद्धका अवशेषहरूको पूजा गर्ने बताउनुभएको छ।

## Kiren Rijiju Sikkim Visit

केन्द्रीय संसदीय मामिला मन्त्री किरण रिजिजु आज तीन दिवसीय भ्रमणका लागि सिक्किम आइपुग्नुभएको छ। भोलि, केन्द्रीय मन्त्रीले सिक्किमको मङ्गन जिल्लाका विभिन्न स्थानहरूमा उपस्थिति जनाउनुहुनेछ र विविध कार्यक्रमहरूमा सरीक रहनुहुनेछ। विभिन्न कार्यक्रमहरू बीच, श्री रिजिजु मङ्गन जिल्लाको लाचुङ गुम्बामा बुद्ध पूर्णिमा समारोहमा भाग लिनुहुनेछ।

## IMD - Weather

मौसम विभागले भोलि अरुणाचल प्रदेश, आसाम, मेघालय, नागाल्याण्ड, मणिपुर, मिजोरम, त्रिपुरा, पश्चिम बंगालको तराई क्षेत्र र सिक्किममा भारी वर्षा हुने अनुमान गरेको छ। केरला, माहे, तमिलनाडु, पुडुचेरी र कराइकलमा मे २ सम्म भारी वर्षा हुनेछ।

## Sports News

अब खेल प्रसंगः आईपीएल क्रिकेट खेलमा गुजरात टाइटन्सले आज अहमदाबादमा रोयल च्यालेन्जर्स बैंगलोरको सामना गर्नेछ। खेल साँझ ७:३० बजेदेखि खेलिनेछ। अंक तालिकामा गुजरात टाइटन्स पाँचौं र रोयल च्यालेन्जर्स बैंगलोर दोस्रो स्थानमा छ। हिजोको खेलमा सनराइजर्स हैदराबादले मुम्बई इन्डियन्सलाई छ विकेटले पराजित गऱ्यो। पहिले ब्याटिङ गर्दै मुम्बई इन्डियन्सले २४४ रन बनाएको थियो। सनराइजर्स हैदराबादले १९ औं ओभरमा लक्ष्य हासिल गरेको थियो। ITTF विश्व टिम टेबल टेनिस च्याम्पियनसिपमा, भारतले लन्डनको कपर बक्स एरिनामा भएको समूह ७ को खेलमा स्लोभाकियालाई ३-२ ले पराजित गर्दै उत्साहजनक पुनरागमन गरेको छ। यो जितसँगै, भारत ग्वाटेमाला विरुद्धको अर्को खेल अघि समूह अङ्कको शीर्ष स्थानमा पुगेको छ। भारतीय महिला टोलीले समूह चरणको अन्तमा रुवान्डाको सामना गर्नेछ। दुवै भारतीय टोलीले आज राति आफ्नो अन्तिम समूह खेल खेल्नेछन्।

प्रमुख समाचार पुनः एक पटक

- भारतले कुनै पनि परिस्थितिमा कुनै पनि आतंकवादी गतिविधिलाई सहन नसक्ने सन्देश विश्वलाई दिएको रक्षामन्त्री राजनाथ सिंहको भनाइ
- रेलमन्त्री अश्विनी वैष्णवद्वारा विस्तारित श्रीनगर-जम्मू वन्दे भारत एक्सप्रेसको शुभारम्भ
- हिमालय क्षेत्रमा जलवायु-अनुकूल सडक पूर्वाधार निर्माण गर्न सरकार प्रतिबद्ध रहेको सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीको धारणा
- देशमा पर्याप्त मात्रामा मल उपलब्ध रहेको र खरीफ सिजनको लागि आवश्यक आपूर्ति भन्दा बढी भएको सरकारको पुष्टि
- अनि आईपीएल क्रिकेटमा, गुजरात टाइटन्सले आज साँझ रोयल च्यालेन्जर्स बैंगलोरको सामना गर्ने
- आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार, पूरा भयो।